# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, चैत ११ गते २०४७ साल (अतिरिक्ताङ्क ६३ (क)

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

**प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) नियमावली, २०४७**

प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०४७ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ८१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निर्वाचन आयोगको परामर्श लिई देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) नियमावली, २०४७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०४७ को नियम २७ मा संशोधनः प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०४७ को नियम २७ को उपनियम (३) मा रहेका "मतपत्र र त्यसको अधकट्टीमा" भन्ने शब्दहरूको सट्टा "मतपत्रको अधकट्टीमा" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
रामचन्द्र पौडेल
श्री ५ को सरकारको का. मु. सचिव

C32 E84

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।